# गौरीगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा
कोशी प्रदेश, नेपाल


प.सं. : २०८१/०८२
चलानी नम्बर:

मिति : २०८१/०६/०८

विषय : **बैठकको निर्णय सार्वजनिक सम्बन्धमा ।**

यो जोसँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा निम्न मितिमा सम्पन्न यस गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु सर्वसाधारण सबैको जानकारीको लागि तपसिलबमोजिम सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

| बैठक संख्या- ४ | बैठक मिति- २०८१/०६/०८ |
|---|---|
| सि.नं. | निर्णय व्यहोरा |
| १ | गौरीगञ्ज गाउँपालिकाको विपद कोष सञ्चालन कार्यविधि, २०८१ सर्वसम्मत् रुपमा पारित गर्ने । |
| २ | यस गाउँपालिका क्षेत्रमा जडान गरिएका सडक बत्तीहरु आवश्यकतानुसार मर्मत गर्ने र वर्षायाममा बिग्रिएका सडक संरचनाहरु मर्मतको लागि मर्मत कोषबाट तपसिलबमोजिम बजेट बिनियोजन गरी योजना कार्यान्वयन गर्ने । |

तपसिल

| वडा नं. | सडक मर्मत बजेट रु. | कैफियत |
|---|---|---|
| १ | २०००००।- | दुई लाख रुपैयाँ |
| २ | २०००००।- | दुई लाख रुपैयाँ |
| ३ | २०००००।- | दुई लाख रुपैयाँ |
| ४ | १५००००।- | एक लाख पचास हजार रुपैयाँ |
| ५ | १५००००।- | एक लाख पचास हजार रुपैयाँ |
| ६ | २०००००।- | दुई लाख रुपैयाँ |

| | |
|---|---|
| ३ | गौरीगञ्ज गाउँपालिका क्षेत्रभित्रबाट उत्सर्जन हुने फोहोरमैलाको उचित व्यवस्थापनको लागि मिति २०८१/०५/०७ गतेको गाउँ कार्यपालिका बैठकमा छलफल भई सम्बन्धित साझेदार संस्थासँग अन्तर्क्रिया तथा छलफलसमेत भइसकेको र तत्काल फोहोरमैला व्यवस्थापन गर्न अति आवश्यक देखिएकोले सूचिकृत साझेदार संस्थाहरुमध्ये नियमानुसार सम्झौता गरी कार्य अघि बढाउने । |
| ४ | विविध सम्बन्धमा तपसिलबमोजिम गर्ने : |



खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

प.सं. : २०८१/०८२

चलानी नम्बर :

मिति : २०८१/०६/०८

| | |
|---|---|
| ४.१ | यस गाउँपालिकामा सञ्चालित रोजगार प्रबर्द्धन कार्यक्रम (सामी) अन्तर्गत कार्यरत कर्मचारीहरुको २०८१ साउनदेखि पुसमसान्तसम्म ६ महिनाको लागि करार सम्झौता थप गर्ने । |
| ४.२ | यस गाउँपालिकाअन्तर्गतका वडाहरुमा रहेका टहराहरुको मासिक बहाल बिटौरी शुल्क गत आ.व.झैं चालु आ.व.मा समेत तोकिएको दररेटबमोजिम सम्बन्धित वडा कार्यालयबाट नियमित असूल गरी गाउँपालिकामा दाखिला गर्ने । |
| ४.३ | यस गौरीगञ्ज गाउँपालिकाका गाउँसभा सदस्यहरुलाई प्रतिव्यक्ति एकमुष्ट रु. १०,०००।- (दश हजार रुपैयाँ)को दरले वार्षिक चाडपर्व खर्च उपलब्ध गराउने । |

०८।१।६।८

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत